# कमलामाई नगरपालिका

## कोरेली पाडी/बाच्छी हुर्काउने कार्यक्रम संचालन

## कार्यविधि २०७७

## कमलामाई नगरपालिका

सिन्धुलीमाढी, सिन्धुली

बागमती प्रदेश,नेपाल

**कोरेली पाडी /बाच्छि हुर्काउने कार्यक्रम संचालन कार्यबीधि, २०७७**

**पृष्ठभूमी** :

गाईभैंसी पालन परम्परागत रुपमा गरिदै आएको र भैंसीलाई कालो सुनको रुपमा समेत चिनिदै आएको सन्दर्भमा केही वर्षयता यसको महत्वलाई बेवस्ता गरिदै आएकोले दिन प्रति दिन गाई/भैंसीको मूल्यमा बृद्धि हुनुको साथै राम्रा नश्ल समेत लोप हुदै गईरहेको छ। केही वर्ष अघिसम्म गाउँघरमा छाकको १२/१४ माना दूध दिने गाई/भैसी समेत नभएका होइनन्। यसकारण उच्च उत्पादन क्षमता भएका माउबाट जन्मेका कोरेली बाच्छि/पाडी प्राविधिकहरुले छनौट गरी उत्पादनशील वकेर्नो गाई/भैंसी संरक्षणलाई टेवापुग्नेगरी भूमिहिन, विपन्न, गरिब, दलित, महिला, तथा एकल महिलाहरु जस्ले लैना पशु पाल्नसक्ने हैसियत राख्दैनन्। तिनलाई सामान्य साधन स्रोत उपलब्ध गराउन सकेमा कोरेली पाडी हुर्काएर आयआर्जन गरी जीविकोपार्जन गर्नसक्ने बनाउन कमलामाई नगरपालिकाको कोरेली बाच्छि/पाडी हुर्काउने कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शि रुपमा स्थापना र सञ्चालन गर्ने यो कार्यविधि कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यलय स्थानिय सरकार संचालन एनको दफा १०२(२) बाट जारी गरिएको छ।

**१) प्रारम्भिकः**

**क) संक्षिप्त नाम र प्रारम्भः**

1. यो कार्यविधिको नाम "कोरेली बाच्छि/पाडी हुर्काउने कार्यक्रम संचालन कार्यबीधि, २०७७" रहेको छ ।
2. यो कार्यविधि कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२) परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "नगरपालिका" भन्नाले कमलामाई नगरपालिका सम्झनु पर्दछ ।

ख) "कार्यालय" भन्नाले कमलामाई नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग) "कृषि समिति" भन्नाले कमलामाई नगरपालिकाको कृषि समिति सम्झनु पर्दछ ।

घ) "शाखा" भन्नाले कमलामाई नगरपालिका पशु तथा कृषि विकास शाखा सम्झनु पर्दछ

ङ) "निजि फार्म" भन्नाले एकल वा साझेदारी स्वामित्वमा रहि यस शाखामा दर्ता भएको फर्म सम्झनु पर्दछ ।

च) "कार्यविधि" भन्नाले 'कोरेली पाडी/बाच्छी हुर्काउने कार्यविधि २०७७' सम्झनु पर्दछ

**३) उद्देश्यहरु**

क) उच्च उत्पादन क्षमता भएका स्थानीय तथा उन्नत जातका गाई/भैंसीहरुको संरक्षण र संवर्द्धन गर्ने

ख) भूमिहीन, विपन्न गरिब दलित तथा एकल महिलाहरुलाई पशु पालनको माध्यमबाट सशक्तिकरणमा टेवा पुऱ्याउने ।

**४) कार्यक्रमको अबधिः** यो कार्यक्रमको अवधि कमलामाई नगरपालिका नगरकार्यपालिकाको निर्णय अनुसार हुनेछ र आवश्यकता अनुसार संसोधन तथा थप विस्तार गर्दै लान सकिनेछ ।

**५) कार्यक्रमको लागी वडा तथा क्षेत्रहरु छनौंटका आधारहरुः** कोरेली पाडी हुर्काउने कार्यक्रम सन्चालन गर्ने बार्षिक कार्यक्रम स्विकृत भएका नगरपालिकाको वडाहरुमा कार्यक्रम संचालन क्षेत्र छनौंट देहायका आधारमा गरिनेछ ।लक्षित वर्गको बाहुल्यता भएका क्षेत्र वा वडा समेट्ने गरी कार्यक्रम संचालन गर्नु पर्ने छ ।

**६) कार्यक्रम संचालनका लागि साझेदारको छनौट प्रकृयाः**

1. कार्यालयले अनुसूची-१ बमोजिमको प्रस्ताव आह्वान गर्नेछ ।
2. कार्यक्रममा सहभागि हुन ईच्छुक व्यक्ति/पशु फार्महरु/संस्था/समूहहरुले अनुसूची-३ (क) अनुसारको संक्षिप्त कार्ययोजना बनाई सम्बन्धित कार्यालयमा अनूसुची-२ अनुसारको निवेदन दर्ता गर्नु पर्नेछ ।
3. कार्यालयले दर्ता भएका प्रस्तावहरुको स्थलगत निरीक्षण गरी प्रारम्भिक पशुपालन सर्वेक्षण प्रतिवेदन सहित कमलामाई नगरपालिकाको कृषि समितिमा स्वीकृतिको लागि पेश गर्ने छ ।

४. कृषि समितिले प्राप्त प्रस्ताव तथा कार्यक्रम सन्चालनको लागि प्रारम्भिक पशुपालन सर्वेक्षण प्रतिवेदनको आधारमाअनुसूची-४ बमोजिम मूल्याङ्कन गरि साझेदारको छनौट गर्नु पर्नेछ ।

**७) छनौट र मुल्यांकन समिति गठनः** कृषि समितिबाट मूल्यांकन र छनौट गरिनेछ ।

**८) सेवा संचालन प्रक्रियाः** यस कार्यक्रम वमोजिमको सेवा सञ्चालन गर्ने प्रकृया देहाय वमोजिम हुनेछः

1. कार्यालय र छनौंट भएका साझेदार/समूह/फार्म/कृषक बिच अनूसुची-५ अनुसार सम्झौता गरी कार्यक्रम सन्चालन गरीनेछ ।
2. कार्यालयले साझेदार/समूह/फार्म/कृषक बाट पेस भएको प्रस्तावित कार्यक्रम तथा बजेट कृषि समितिको बैठकबाट अन्तिम रुप विनियोजित रकमको आधारमा अनुदान स्वीकृत गर्ने ।
3. सम्बन्धित साझेदार व्यक्ति/संस्था/समूह/फार्म/कृषक को नाममा नेपाल सरकारबाट स्विकृत प्राप्त नजिकको बैंङ्कमा खाता खोल्नु पर्नेछ र सोही खातामा अनुदान रकम जम्मा गर्नु पर्ने छ ।
4. साझेदार व्यक्ति/फार्म/समुह/संस्थाले प्रगति हरेक महिना अनुसूची-६ बमोजिमको ढाँचामा वडाको पशु विकास शाखा मार्फत नगरको पशु विकास शाखा पठाउनु पर्नेछ ।
5. समूह गठन र संचालन प्रकृया कार्यालयको नियमित कार्यक्रम सरह हुनेछ ।
6. कम्तिमा स्थायी २ दाँते बाच्छि/पाडी खरिद गर्नु पर्नेछ ।

**९) कोरेली बाच्छि/पाडी हुर्काउने कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित आर्थिक नर्मसः**

क) बार्षिक स्विकृत कार्यक्रम अनुसारको रकमको आधारमा

ख) वार्षिक स्विकृत कार्यक्रममा १ प्याकेजको लागि १ लाख ५० हजारसम्म वा कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसार प्रति फर्म/समूह/फार्म/कृषक कार्ययोजना अनुसार अनुदान दिनेछ ।

ग) कुल अनुदान रकमको ६० प्रतिशत उन्नत कोरेली बाच्छि/पाडी किन्न र अन्य रकम हुर्काउदा लाग्ने संचालन खर्च गर्न सकिने ।

घ) कार्यालयले सम्पूर्ण प्राबिधिक सेवाहरु बिनियोजित बजेटको परिधीभित्र रही निशुल्क उपलब्ध गराउनुपर्ने ।

**११) अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन कमलामाई नगरपालिका, कृषि समिति, पशु विकास शाखाहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित पशु विकास

शाखामा पठाउनु पर्ने छ। मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु पशु विकास शाखा मार्फत कृषि समिति र कमलामाई नगरपालिकामा पठाउनु पर्नेछ ।

**१२) थपघट वा हेरफेर गर्न सक्ने**

1. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कमलामाई नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।
2. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

## अनूसुची १
## सूचना

कमलामाई नगरपालिका पशु विकास शाखाको वार्षिक स्विकृत कार्यक्रम अनुसार कोरेली बाच्छि/पाडी हुर्काउने कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्न साझेदारीको अवधारणा अनुरुप बिपन्न,,दलित,पिछडिएका तथा एकल महिला व्यक्ति/फार्म/समुह/संस्था/समिति को सहकार्यमा कमलामाई नगरपालिका भित्र वसोवास गरेका व्यक्ति/फार्म/समुह/संस्था/समिति बाट प्रस्ताव आव्हनको लागि यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति/फार्म/समुह/संस्था/समितिले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ....... दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम र परियोजना प्रस्ताव यस कार्यालयमा पेश गर्नु होला । व्यक्ति/फार्म/समुह/संस्था/समितिलाइ प्राथामिकता दिइने छ । विस्तृत जानकारिका लागि कमलामाई नगरपालिका पशु विकास शाखामा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।**

१ अनूसूची-२ अनुसारको आवेदन फारम
२ अनूसूची-३ अनुसारको संक्षिप्त कार्ययोजना
३ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
४ संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, आदि) का प्रमाणित प्रतिलिपीहरु
५ बिपन्न,दलित,पिछडिएका तथा एकल महिला फार्म/समूह/समिति सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि
६ कार्यक्रमको लागि छनौट भएमा व्यक्ति/फार्म/समुह/संस्था/समिति वा बिपन्न, दलित, पिछडिएका तथा एकल महिला फार्म/समूह/समिति का सदस्यहरुबाट कार्यान्वयन गर्ने प्रतिवद्धताको निर्णयको प्रतिलिपि ।

## अनूसुची २

**कोरेली बाच्छि/पाडी हुर्काउने कार्यक्रम सन्चालनको लागि दिईने आवेदन – पत्रको फारम**

श्रीमान प्रमुख ज्यू,

कमलामाई नगरपालिका,

पशु विकास शाखा सिन्धुली ।

विषयः कोरेली बाच्छि/पाडी हुर्काउने कार्यक्रम सन्चालनको लागि छनौट हुन पाउँ भन्ने बारे ।

महोदय,

त्यस कार्यालयको मिति ............................. को ................................मा प्रकाशित सूचना अनुसार ...................................................................... व्यक्ति/फार्म/समुह/संस्था/समिति वा बिपन्न, दलित, पिछडिएका तथा एकल महिला समूह/समिति को तर्फवाट कोरेली बाच्छि/पाडी हुर्काउने कार्यक्रममा सहभिग हुने ईच्छा भएकोले तपसिल अनुसारका कागजात राखी यो निवेदन पेश गरेका छु/छौ । उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धी सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम सन्चालन गर्नेछु/गर्नेछौ र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्‌यमान कानून बमोजिम कार्यवाहीको भागेदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछौं ।

पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१ अनूसूची-३ अनुसारको संक्षिप्त कार्ययोजना
२ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३ संस्था सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि
४ संस्थासंग आवद्‌ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, आदि) का प्रमाणित प्रतिलिपीहरु
५ संस्थाको तर्फबाट कार्यक्रम सन्चालन सम्बन्धी भएको निर्णयको प्रतिलिपि
६ संस्थाका सदस्यहरुबाट कार्यान्वयन गर्ने प्रतिवद्‌धताको निर्णयको प्रतिलिपि

निवेदन दिने संस्थाको तर्फबाट दिने

संस्थाको प्रमुखको नामः

सस्था प्रमुखको दस्तखतः

संस्था प्रमुखको पदः

संस्थाको ठेगानाः

मितिः

संस्थाको छापः

## अनूसुची ३

## कोरेली पाडी हुर्काउनेकार्यक्रम सन्चालनको लागि संक्षिप्त कार्ययोजना

संस्थाको नामः ............................................संस्थाको सम्पर्क टेलिफोन नम्वरः ...........................

संस्थाको ठेगानाः जिल्लाः सिन्धुली कमलामाई नगरपालिका वडा नं.........

गाउं/टोलको नामः ................................

संस्थादर्ता को प्रमाण–पत्र नं. र संस्था दर्ता गर्ने कार्यालयको नाम ठेगानाः ..............................................

संस्थाले हाल सम्म गरेका उल्लेखनिय कामहरुः

............................................................ ................................

खाता संचालन गरिने बैंकको नाम र खातावालाहरुको नामः– ......................................

कार्य योजनाको प्रस्तावनाः ............................................................ ...................

उद्देश्यहरुः

(क) ...........

(ख) ..............

रकमको आवश्यकताः

| पुँजिगत तर्फ गरिने कृयाकलापहरु | | | चालु तर्फ गरिने कृयाकलापहरु | | |
|---|---|---|---|---|---|
| के गर्ने | कुनमहिनामा गर्ने | कति रकम चाहिन्छ रु | के गर्ने | कुन महिनामा गर्ने | कति रकम चाहिन्छ रु |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची ४

## कार्यक्रम संचालनका लागि संस्थाको छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क्र. सं | द. नं. | आवेदक संस्थाको नाम | ठेगाना | कार्य योजना (५०) | | | व्यवसाय को सम्भाव्यता/उपयुक्तता (२५) | अनुभव/तालिम (२५) | कुल प्राप्तांक १०० |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गोठको क्षमता र अवस्था (१५) | घाँस लगाएको क्षेत्रफल (१५) | कार्य योजनाको विवरण (२०) | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## छनौट समिति

**कृषि समिती :** नगरपालिकाको उप–प्रमुखको संयोजकत्वमा गठन भएको कृषि समिती विवरण

क)नगर उप–प्रमुख-संयोजक

ख) आर्थिक विकास समितिका संयोजक -सदस्य

ग)कृषक प्रतिनिधी १ जना -सदस्य

घ)संघ संस्थाको प्रतिनिधी १ जना -सदस्य

ङ)एग्रो भेट प्रतिनिधी १ जना -सदस्य

च)प्रमुख प्रशासकिय अधिकृत –सदस्य

छ)कृषि शाखा प्रमुख वा प्रतिनिधी–सदस्य

ज)पशु विकास शाखा प्रमुख तथा प्रतिनिधी–सदस्य

## अनुसुची ५
## सम्झौता पत्रको नमुना

कमलामाई नगरपालिका नगरकार्यपालिकाको कार्यलय, कृषि समितिको नेतृत्वमा र कमलामाई नगरपालिका पशु विकास शाखा, द्वारा संचालन गरिने उन्नत कोरेली बाच्छि/पाडी हुर्काउने कार्यक्रम को उद्देश्य अनुरुपको उपलब्धी हासिल गर्न क.न.पा. पशु विकास शाखा (यस पछि पहिलो पक्ष भनिने) र ........................................... व्यक्ति/फार्म/समुह/संस्था/समिति (यस पछि दोस्रो पक्ष भनिने) बिच तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही कोरेली बाच्छि/पाडी हुर्काउने कार्यक्रम संचालन गर्न द्विपक्षीय सम्झौता सम्पन्न भयो ।

१ आवद्ध फार्मको हकमा कम्तिमा १० गोटा वा समुहका कृषक सदस्यहरुले अनिवार्यरुपमा समूह/समितिको सदस्य भई लक्षित कार्यक्रम अनुसार कम्तीमा पनि १० सदस्य भएको एउटा हकमा प्रति सदस्य कम्तीमा पनि १ गोटा कोरेली बाच्छि/पाडी पालन गर्नुपर्ने छ र सो को अनिवार्य विमा गर्नु पर्ने छ ।

२ दुवै पक्षको सहमतिमा स्थानीय वा नजिकका जिल्लाहरुको माग बमोजिम वा प्राविधिक आधारमा सिफारिस भएका नश्लका पशु छनोट गर्नुपर्दछ ।

३ दोश्रो पक्षले हरेक वर्ष आफ्नो समूहमा रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेटहरु तर्जुमा गरी कमलामाई नगरपालिका पशु विकास शाखामा प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्नेछ

४ दोश्रो पक्षले फार्म संयोजक तथा समुहको निर्णय नेपाल सरकारबाट स्विकृत प्राप्त नजिकको बाणिज्य बैंङ्कमा खाता खोल्नु पर्नेछ र दोश्रो पक्षले कमलामाई नगरपालिका पशु विकास शाखाबाट स्विकृत कार्यक्रम सन्चालन गरि खर्चको भुक्तानी दिएको सक्कलै निस्सा प्रमाण सहित पेस हुन आएमा कृषि समिति संयोजक वा पशु विकास शाखाले खटाएको सम्बन्धित प्राविधिकले स्थलगत निरिक्षण गरी प्रमाणित भए पछि विनियोजन भएको अनुदान रकम एकै पटक वा किस्ता स्वरुप उक्त खातामा जम्मा गरि दिनेछ ।

५ दोश्रो पक्षले अनुदान रकम कोरेली बाच्छि/पाडी खरिद गरी ब्याउने निश्चित नहुंदासम्म हुर्काउनका लागि मात्र खर्च गर्नु पर्नेछ ।

६ कृषि समिति वा पशु विकास शाखाले आफूले संचालन गर्ने वा साझेदारले संचालन गर्ने कार्यक्रममा दोश्रो पक्षले हुर्काई ब्याउने निश्चित भएका वा ब्याएका कोरेली वा गाई/भैसीहरु खरीद गर्न सहयोग गर्नेछ । दोश्रो पक्षले पशुहरु खरिद तथा बिक्रीगर्दा अनिवार्य रुपमा पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ ।

७ प्रथम पक्षले दोश्रो पक्षलाई असल व्यवस्थापन विधि बमोजिम कार्यक्रम संचालनको लागि सरोकारवाला निकायसँग समन्वय गरी बढिमा ३ वर्ष सम्म सहयोग उपलब्ध गराई कार्यान्वयन गराउनु सक्नेछ ।

८ दोश्रो पक्षले स्वीकृत बार्षिक कार्ययोजना अनुरुप कार्यान्वयनको लागि मात्र खर्च गर्नु पर्ने छ र सो को अद्यावधिक प्रगति तयार गरी हरेक महिना प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

९ दोश्रो पक्षले पशु पालन व्यवस्थापनको लागि गरिने सम्पुर्ण कार्यहरुको अभिलेख विवरण राखी अद्यावधिक गरिरहनु पर्ने छ

१०पहिलो पक्षले संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नपाएमा तोकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन ।

११पहिलो पक्षको कार्यक्रम अवधि समाप्त भएपछि पनि दोस्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनुपर्ने छ ।

१२दोश्रो पक्षले यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कार्यवाहीको भागेदारी हुनु पर्ने छ ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| क.न.पा. पशु विकास शाखाको तर्फबाट सहिगर्नेको अध्यक्षको | फार्म संयोजक/संस्थाको |
| नामः | नामः |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | औठा छाप |
| रोहबर | रोहबर |

द्रष्टब्यः कमलामाई नगरपालिकाले आवश्यकता अनुसार उल्लेखि शर्तहरुमा थपघट गर्न सक्ने छ ।

**अनुसूची-६**

**कोरेली बाच्छि/पाडीहुर्काउने कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढांचा**

...................महिना/चौमासिक/अष्ठमासिकको लक्ष्य र प्रगति

१. संस्थाको नामः टेलिफोन सम्पर्क नम्वरः

| क्र. सं. | कार्यक्रम विवरण | इकाई | बार्षिक लक्ष्य | बार्षिक बजेट | ........ चौमासिक लक्ष्य | चौमासिक बजेट | यस महिनाको प्रगति | यस महिनाको खर्च | ........ चौमासिक प्रगति | ........ चौमासिक खर्च | हालसम्मको प्रगति | हालसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |

ठेगानाः जिल्ला सिन्धुली कमलामाई नगरपालिका वडा नं.

गाउं/टोलः

२. आ.व. ३. महिना ३) प्रगति प्रतिवेदन अवधिः अर्धवार्षिक/वार्षिक

| ६ | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

वित्तिय प्रगति प्रतिशतः ..... %, भारित प्रगतिः .......... % भौतिक प्रगतिः ..............%

पशुको प्रजनन तथा उपचार रेकर्डको नमूना (प्रत्येक भैसीको लागि)

| मिति | भैसीको ट्याग नंउमेर | महिना | कृ.ग.वा प्रा.ग. | रांगोको जात वा सिमेन नं | परजिबी नियन्त्रण विवरण | भ्याक्सिनेसन विवरण | स्वास्थ्य समस्या र उपचार |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

आईपरेका बाधा अड्चनहरुः

समाधानको लागि सुझावहरु :